नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

# बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

**(जारी मिति: २०७८-०४-०१ गते बिहान ०७ बजे)**

## नदीहरुको हालको अवस्था (Present River Status)

आज बिहानको मापन अनुसार कोशी, नारायणी, कर्णाली, महाकाली र सहायक नदीहरुमा बहाव सामान्य रहेको तथा सवैमा सतर्कता तह भन्दा तलै रहेको छ।

## बाढी पूर्वानुमान (Flood Forecast)

### पूर्वानुमान आज : श्रावण-०१ गते शुक्रबार (विहान ७ बजे देखि २४ घण्टा)

- कोशी, कर्णाली र यसका सहायक नदीहरुमा बहाव सामान्य घटबढ हुने, महाकालीका सहायक नदीहरु तथा नारायणी र यसका सहायक नदीहरु (त्रिशुली, बुढीगण्डकी, मर्स्याङ्दी, काली गण्डकी) लगायतमा बहाव बढ्ने र केहीमा सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान छ।
- कन्काई, कमला, बागमती, पूर्वी राप्ती, बबई लगायतमा बहाब सामान्य घटवढ हुने तथा सबैमा सतर्कता तह भन्दा तलै रहने, तिनाउ र पश्चिम राप्ती जलाधारका केही साना सहायक नदीहरुमा बहाव बढ्ने र केहीमा आकस्मिक बहाब भई सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान छ ।
- प्रदेश १ को ईलाम, झापा, मोरङ, सुनसरी, उदयपुर, संखुवासभा, ताप्लेजुङ, भोजपुर, खोटाङ, ओखलढुङ्गा, प्रदेश २ को बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सप्तरी, बागमती प्रदेशको दोलखा, रामेछाप, सिन्धुली, काभ्रेपलाञ्चोक, काठमाडौँ, सिन्धुपाल्चोक, रसुवा, धादिङ, चितवन, मकवानपुर, गण्डकी प्रदेशको गोरखा, लमजुङ, मनाङ, मुस्ताङ, तनहुँ, स्याङ्गजा, कास्की, म्याग्दी, पर्वत, बाग्लुङ, नवलपुर, लुम्बिनी प्रदेशको परासी, पाल्पा, गुल्मी, प्यूठान, रुपन्देही, कपिलबस्तु, रोल्पा, रुकुम पूर्व, दाङ, बाँकि, बर्दिया, सुदूरपश्चिम प्रदेशको बैतडी, डडेल्धुरा, डोटी, अछाम, कैलाली, कंचनपुर र आसपास जिल्ला भई बहने स-साना नदीहरुमा बहाव केही बढ्ने र केहीमा आकस्मिक वहाव (Flash Flood) हुन सक्ने पुर्वानुमान छ ।

### पूर्वानुमान भोलि : श्रावण-०२ गते शनिबार (विहान ७ बजे देखि २४ घण्टा)

- कोशीको सहायक नदी सुनकोशी, नारायणी र यसका सहायक नदीहरु (त्रिशुली, बुढीगण्डकी, मर्स्याङ्दी, काली गण्डकी), कर्णाली र महाकालीका सहायक नदीहरुमा बहाव बढ्ने र केहीमा सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान छ।
- कन्काईमा बहाव सामान्य रहने तथा सतर्कता तहभन्दा तल रहने, कमला, बागमती, पूर्वी राप्ती, तिनाउ, पश्चिम राप्ती, बबई लगायतमा बहाव उल्लेख्य बढ्ने र केहीमा सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान छ ।
- प्रदेश १, बागमती, गण्डकी प्रदेशको पहाडी तथा मध्यपहाडी लगायत प्रदेश २, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको चुरे र तराईको भूभाग भई बहने स-साना नदीमा बहाव बढ्ने र केहीमा आकस्मिक वहाव भई सतर्कता आसपास पुग्न सक्ने पुर्वानुमान छ ।

### पूर्वानुमान पर्सी : श्रावण-०३ गते आइतबार (विहान ७ बजे देखि २४ घण्टा)

- कोशी, कर्णाली र यसका सहायक नदीमा बहाब केही बढ्ने तथा सबैमा बहाब सतर्कता तह भन्दा तलै रहने पूर्वानुमान छ । महाकाली जलाधारका केही सहायक नदीहरु तथा नारायणी र यसका सहायक नदीहरु (त्रिशुली, बुढीगण्डकी, मर्स्याङ्दी र काली गण्डकी) लगायतमा बहाव बढ्ने र केहीमा सतर्कता तह पुग्न सक्ने पूर्वानुमान छ।
- कन्काई, कमला, बागमती, पूर्वी राप्ती लगायतमा बहाब सामान्य घटबढ हुने तथा सतर्कता भन्दा तलै हुने तिनाउ, पश्चिम राप्ती, बबई लगायतमा बहाव बढ्ने र सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान छ ।
- प्रदेश १, बागमती, गण्डकी प्रदेशको पहाडी तथा मध्यपहाडी लगायत प्रदेश २, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको चुरे र तराईको भूभाग भई बहने स-साना नदीमा बहाव बढ्ने र केहीमा आकस्मिक वहाव भई सतर्कता आसपास पुग्न सक्ने पुर्वानुमान छ ।

## सरोकारवालाका लागि परामर्श (Advisory):

- आज महाकाली, पश्चिम राप्ती, तिनाउ जलाधारका सहायक नदीहरु तथा नारायणी र यसका सहायक नदीहरु (त्रिशुली, बुढीगण्डकी, मर्स्याङ्दी, काली गण्डकी) लगायतमा बहाव बढ्ने र केहीमा आकस्मिक बहाब भई सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान रहेकाले तटीय क्षेत्र तथा डुबान भईरहने क्षेत्रहरुमा उच्च सतर्कता अपनाऔं ।

(*बाढी पूर्वानुमान बुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं । विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं ।)

**नोट:** पहेलो रङ्ले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङ्ले उच्च जोखिमको संकेत गर्छ ।

# *Forecast References:*

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*
   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv
   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry
2) *MFD Rainfall Forecast (http://mfd.gov.np/content/?id=3207)*
3) *RIMES Rainfall Forecast*
4) *NCMWRF Rainfall Product*
   *24 Hour Rainfall Forecast Today (9am to 9 am)*
   *24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)*
5) *Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*
6) *Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*
8) *GLOFAS forecast*
9) *Tethys Forecasting Platform( Stream Flow Prediction Tool and HIWAT tool for Nepal ( 7 days forecast for small rivers)*
10) *Regional Floodoutlook –Ganges-Brahmaputra Basin*
11) *SouthAsia Flash Flood Guidance System (Nepal)*
12) *Other Global Flood Forecasts*
13) *Satellite Cloud Picture*
14) *Etc…*

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।